# स्याउ खेती विकास सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७७

(मन्त्रीस्तरबाट स्वीकृत मिति २०७७/०७/०५)

**प्रस्तावनाः** गण्डकी प्रदेशमा स्याउ बगैंचा स्थापना तथा विस्तार गर्दै स्याउको उत्पादन र उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने उद्देश्यले स्याउ खेती विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

**१. प्राविधिक पक्ष**

(क) स्याउ खेती विकास सम्बन्धी कार्यक्रममा कृषक, कृषि फर्म, कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले प्रस्ताव पेश गर्न सक्नेछन्।

(ख) उच्च घनत्व प्रविधिमा आधारित स्याउ बगैंचाको हकमा कृषकले कम्तीमा १ रोपनी क्षेत्रफलमा र कृषि फर्म, कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले कम्तीमा ५ रोपनी क्षेत्रफलमा बगैंचा स्थापना र व्यवस्थापन गर्नुपर्नेछ र उच्च घनत्व प्रविधिमा आधारित बाहेकका बगैंचाको हकमा प्रत्येक आवेदकले कम्तीमा ५ रोपनी क्षेत्रफलमा बगैंचा स्थापना र व्यवस्थापन गर्नुपर्नेछ।

(ग) स्याउ खेतीको लागि भौगोलिक र वातावरणीय रुपमा उपयुक्त क्षेत्रमा मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(घ) बिरुवा वितरण कार्यक्रमका लाभग्राहीहरुलाई आवश्यकता र औचित्यताको आधारमा बगैंचा व्यवस्थापन, सिँचाई व्यवस्थापन र यान्त्रिकीकरण तथा पोष्ट-हार्भेष्ट व्यबस्थापन सम्बन्धी कार्यक्रमबाट समेत अनुदान उपलब्ध गराउन सकिनेछ।

१.१ बिरुवा खरिद तथा वितरण सम्बन्धी कार्यक्रमः

क) बिरुवा वितरण सम्बन्धी कार्यक्रमको लागि उच्च घनत्व प्रविधिमा आधारित स्याउको बिरुवाको हकमा प्रति रोपनी बढीमा १५० बिरुवा र उच्च घनत्व प्रविधिमा आधारित बाहेकका बिरुवाको हकमा प्रति रोपनी बढीमा १५ बिरुवा उपलब्ध गराउन सकिनेछ।

ख) देश भित्रबाट बिरुवा खरिद गर्दा आधिकारिक रुपमा दर्ता भएका नर्सरीबाट स्वस्थ बिरुवा खरिद गर्नुपर्नेछ र अन्य देशबाट आयात हुने बिरुवाको हकमा कुनैपनि क्वारेन्टाइनजन्य रोगकीरा नभएको भन्ने आधिकारिक फाईटोस्यानेटरी प्रमाणपत्र (Phyto Sanitary Certificate) संलग्न भएको हुनुपर्नेछ।

ग) उच्च घनत्व प्रविधिमा आधारित स्याउको कलमी बिरुवाको गुणस्तर (Technical Specification of Apple Saplings) देहाय बमोजिम हुनुपर्नेछ।

(अ) एम-९ टी-३३७ (M9 T337) को क्लोनल रुटस्टकका कलमी गरिएका उच्च घनत्व प्रविधिमा आधारित उन्नत जातका स्याउका बिरुवा हुनुपर्नेछ।

(आ) कम्तीमा पनि १.७ मिटर (५ फिट) देखि २.२ मिटर (७ फिट) उचाईको भएको।

(इ) प्रशस्त मात्रामा स्वस्थ जराहरु भएको।

(ई) मूल हाँगा सोझो र प्रभावशाली भएको।

(उ) मूल हाँगालाई प्रभाव (Dominant) पार्ने खालका अन्य हाँगाहरु नभएको।

(ऊ) १२ देखि २५ से.मी. लामो ६ देखि १० वटा सम्म फल्ने (Feather) हाँगाहरु भएको।

(ऋ) फल्ने हाँगाहरु (Feather) जरा पुर्ने सतहदेखि कम्तीमा ६० से.मी. भन्दा माथिबाट पलाएको।

(ए) फल्ने हाँगाहरु (Feather) मूल हाँगाको चारैतिरबाट नियमित अवधि (Regular interval) मा आएको र कम्तीमा ४५ डिग्रीको फराकिलो कोण (Wide angled) भएको।

(ऐ) अन्य देशबाट आयात हुने बिरुवाको हकमा कुनैपनि क्वारेन्टाइनजन्य रोगकीरा नभएको भन्ने आधिकारिक फाईटोस्यानेटरी प्रमाणपत्र (Phyto Sanitary Certificate) संलग्न भएको।

(ऑ) बिरुवालाई कतै पनि चोटपटक नलागेको र Feather हाँगाहरु नभाँचिएको।

१.२ बगैंचा व्यवस्थापन सम्बन्धी कार्यक्रमः बगैंचा व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा आवश्यकता अनुसार बिरुवाको थाँक्रा व्यवस्थापन (Staking and Support System), तालिम र काटछाँट (Training and Pruning), मल, खाद्यतत्व, रोगकिरा र सिँचाईको व्यवस्थापन गर्नुपर्नेछ।

१.३ स्याउ बगैंचामा सिँचाई सम्बन्धी कार्यक्रमः स्याउ बगैंचामा सिँचाई सम्बन्धी कार्यक्रम अन्तर्गत कुलो, सिमेन्ट पोखरी, प्लाष्टिक पोखरी, ट्याङ्की, पाइप विस्तार, लिफ्टिङ्ग, साना बाँध आदिको निर्माण/मर्मत सम्भार, थोपा सिँचाई लगायतका आधुनिक सिंचाई प्रविधि प्रयोग र व्यवस्थापन लगायतका कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

१.४ स्याउ बगैंचामा यान्त्रिकीकरण तथा पोष्ट-हार्भेष्ट व्यबस्थापन सम्बन्धी कार्यक्रमः यस कार्यक्रम अन्तर्गत स्याउ बगैंचामा गोडमेल/खनजोत/रोगकीरा व्यवस्थापनका लागि आवश्यक मेसिनरी औजार तथा उपकरण र उत्पादनोपरान्त गरिने ग्रेडिङ, प्याकेजिङ, लेबलिङ सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

## २. आर्थिक पक्ष

(क) स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही आवश्यकता र औचित्यताको आधारमा देहायबमोजिम अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

(अ) बिरुवा खरिद तथा वितरण सम्बन्धी कार्यक्रममा कुल लागतको बढीमा पचहत्तर प्रतिशतसम्म।

(आ) बगैंचा व्यवस्थापन सम्बन्धी कार्यक्रममा (बिरुवाको थाँक्रा व्यवस्थापन (Staking and Support System), तालिम र काटछाँट (Training and Pruning), रोगकीरा व्यवस्थापनका र थोपा सिँचाई लगायत आधुनिक सिँचाई प्रणालीको व्यवस्थापन आदि) कुल लागतको बढीमा पचास प्रतिशतसम्म।

(इ) सिँचाई सम्बन्धी सम्बन्धी कार्यक्रममा कुल लागतको बढीमा पचास प्रतिशतसम्म।

(ई) यान्त्रिकीकरण तथा पोष्ट-हार्भेष्ट व्यबस्थापन सम्बन्धी कार्यक्रममा कुल लागतको बढीमा पचहत्तर प्रतिशतसम्म।

३. मूल्याङ्कनका आधारहरु

| क्र.सं. | मुल्याङ्कनका आधार | अंकभार |
|---|---|---|
| **१.** | **भौगोलिक र वातावरणीय उपयुक्तता** | **१०** |
| (क) | समुद्र सतहबाट १५०० मिटर भन्दा बढी उचाईमा रहेको र वातावरणीय उपयुक्तता भएको क्षेत्र | १० |
| (ख) | समुद्र सतहबाट १५०० मिटर भन्दा बढी उचाईमा रहेको र वातावरणीय उपयुक्तता भएता पनि प्राकृतिक प्रकोप (असिना, वर्षा आदि) को जोखिम बढी भएको क्षेत्र | ५ |
| **२.** | **जग्गाको स्वामित्व** | **५** |
| (क) | आवेदकको आफ्नो वा संस्थाको हकमा सदस्यहरुको आफ्नो स्वामित्वमा रहेको जग्गा भएको | ५ |
| (ख) | जग्गा लिज करारमा लिई कार्यक्रम सञ्चालन गरिने | ३ |
| **३.** | **बगैंचा स्थापना भएको/हुने क्षेत्रफल** | **१५** |
| (क) | (अ) उच्च घनत्व प्रविधिमा आधारित स्याउ बगैंचाका लागि कृषकको हकमा १ रोपनी क्षेत्रफलका लागि १० अंक प्रदान गर्ने र थप क्षेत्रफलका लागि प्रति रोपनी १ अंकका दरले थप गरी अधिकतम १५ अंकसम्म प्रदान गर्ने<br>(आ) उच्च घनत्व प्रविधिमा आधारित स्याउ बगैंचाका लागि कृषि फर्म, कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाको हकमा ५ रोपनी क्षेत्रफलका लागि ५ अंक प्रदान गर्ने र थप क्षेत्रफलका लागि प्रति २ रोपनी १ अंकका दरले थप गरी अधिकतम १५ अंकसम्म प्रदान गर्ने<br>(इ) उच्च घनत्व प्रविधिमा आधारित बाहेकका बगैंचाको हकमा सबै आवेदकलाई (आ) बमोजिम अंक प्रदान गर्ने। | १५ |
| **४.** | **रोजगारी सिर्जना** | **५** |
| (क) | ३ वा ३ जना भन्दा बढी | ५ |
| (ख) | ३ जना भन्दा कम | ३ |
| **५.** | **अनुदानको अवस्था** | **१०** |
| (क) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | १० |
| (ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि क्षेत्र/व्यवसाय विस्तारका लागि प्रस्ताव पेश गरेको | ५ |
| **६.** | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (स्याउ खेती सम्बन्धी नवीनतम सोच, दिगोपना, बजार योजना, मूल्य अभिवृद्धि सम्बन्धी योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि ५ अंक सम्म प्रदान गर्न सक्ने) | **५** |
| | **जम्मा** | **५०** |

४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरु

क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा १६ को उपदफा (३) बमोजिमका कागजातहरु।

ख) समूह/सहकारी संस्थाको हकमा बैठक निर्णयको प्रतिलिपि।

ग) प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा लिज करारमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम २० वर्षको करार सम्झौताको प्रतिलिपि।

घ) बगैंचा व्यवस्थापन र सिँचाई सम्बन्धी कार्यक्रमको हकमा सोको लागत इष्टिमेट सम्बन्धी कागजात।

५. प्रस्तावको ढाँचाः

क. आवेदकको संक्षिप्त परिचय

| | |
|---|---|
| आवेदकको नामः | ठेगानाः |
| कार्यक्रम सञ्चालन गरिने स्थानको ठेगानाः | प्रोपाईटर/अध्यक्ष/कृषकको नामः<br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

ख. खेती/व्यवसाय सम्बन्धी विवरण

| क्र.सं. | कृषकको नाम | हाल स्याउ खेती गरिरहेको क्षेत्रफल (रोपनी) | हालको उत्पादन (के.जी) | कार्यक्रम सञ्चालनबाट थप हुने क्षेत्रफल (रोपनी) | कुल अनुमानित उत्पादन (के.जी) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

ग. सिँचाई व्यवस्थापन कसरी गर्नुहुन्छ?

घ. रोजगारी सिर्जनाः

ङ. बगैंचामा रहेको स्याउ बिरुवाको विवरण

| क्र.सं. | बिरुवाको जात | बगैंचामा रहेको बिरुवा संख्या |
|---|---|---|
| १ | गाला मेमा (Gala Mema) | |
| २ | गोल्डेन डेलिसियस मेमा (Golden Delicious Mema) | |
| ३ | फुजी किकु फुब्रेक्स (Fuji Kiku Fubrax) | |
| ४ | किङ्ग रोट रेड डेलिसियस (King Roat Red Delicious) | |
| ५ | विल्स्टन स्टार रेड जोना प्रिन्स (Wilston Star Red Jona Prince Select) | |
| ६ | अन्य ......... | |

च. माग गरिएको बिरुवा संख्याः

| क्र.सं. | बिरुवाको जात | बिरुवा माग संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

छ. मेसिनरी औजार तथा उपकरण

| नाम | स्पेसिफिकेशन | माग संख्या |
|---|---|---|
| | | |
| | | |

ज. क्रियाकलाप विवरण

| क्र.सं. | सञ्चालन हुने क्रियाकलाप | एकाई | दर | संख्या | कुल लागत | कार्यालयको अनुदान | अवेदकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | **जम्मा** | | | | | | |

**झ. व्यवसायिक योजना सम्बन्धी प्रस्तावः**

- उत्पादन योजनाः
- बजार योजनाः
- नवीनतम सोचः
- मूल्य अभिवृद्धि सम्वन्धी योजना
- दिगोपनाः

**ञ. अन्य विषय केही भए उल्लेख गर्नुहोस्।**